राप्ती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया, देउखुरी, दाङ
लुम्बिनी प्रदेश, नेपाल
फोन नं.०८२-४१३०७७

प.सं. २०८०/८१
च.नं.

मिति: २०८०/११/०२

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले लागि निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना।

नेपाल सरकार राष्ट्रिय भूमि आयोग, ताहाचल काठमाडौंको मिति २०८०/११/०१ गतेको सूचना अनुसार राष्ट्रिय भूमि आयोगले भूमिहीन दलित र भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि यस राप्ती गाउँपालिका क्षेत्रभित्र बसोबास तथा जग्गा आवात कमोत गरिरहनु भएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई आवास वा कृषि प्रयोजनको लागि जग्गा उपलब्ध गराउन यस भन्दा पहिले साविक भूमि सम्बन्धी समस्या समाधान आयोगबाट खटिएका तथ्याङ्क संकलकहरु सँग आवेदन फारम भर्न छुटेका घरपरिवारहरुले तपशिलमा उल्लेखित कागजातहरु लिई मिति २०८०/११/३० गतेभित्र ***राप्ती गाउँपालिका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी सेवा केन्द्र मसुरिया देउखुरी दाङमा*** निवेदन पेश गर्नुहुन सूचना प्रकाशन गरिएको छ। यस अघि निवेदन दिइ निस्सा समेत प्राप्त गरेको तर हाल उक्त जग्गा किनबेच गरिसकेका ब्यक्तिहरुको पुनः निवेदन फारम भरिने छैन। यदी कोही कसैले झुठ्ठा विवरण दिई फाराम भरेको पाईएमा निवेदन फाराम रद्द गरि नियमानुसार कारवाही हुने साथै समयमा आवेदन नभर्ने, माग गरिएका कागजात र विवरण उपलब्ध नगराएका कारण नियमानुसार जग्गा प्राप्त नभएमा त्यसको जिम्मेवारी सम्बन्धित व्यक्ति स्वयम् हुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिलः

**क) <u>भूमिहीन दलित/ भूमिहीन सुकुम्बासीहरुको लागि आवश्यक कागजातहरुः</u>**

- परिवारमुली र नागरिकता प्राप्त परिवारका सदस्यको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (अनिवार्य)।
- परिवारमुली र परिवारमुली पति / पत्नीको हालसालै खिचेको पासपोर्ट साईजको फोटो २/२ प्रति।
- सम्बन्धित वडा कार्यालयले दिएको सुकुम्बासी भएको व्यहोराको सिफारिस पत्र।
- जग्गा उपभोग गरेको भए उपभोगको प्रमाण सम्बन्धी कागजातहरुको प्रतिलिपि, विद्युत पानीको महसुल तिरेको रसिद आदी।
- सम्भव भए बसाइसराइ दर्ता प्रमाणपत्रको प्रतिलिपि वा वडा कार्यालयले दिएको बसोबास प्रमाणित पत्र।

नि. प्रमुख प्रशासकीय अधिकृत

raptiruralmunicipality@gmail.com
https://raptimundang.gov.np
https://twitter.com/raptimundang
https://www.facebook.com/raptimundang

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया, देउखुरी, दाङ
लुम्बिनी प्रदेश, नेपाल
फोन नं.०८२-४१३०७७

प.सं. २०८०/८१
च.नं.

**ख) अव्यवस्थित बसोबासको लागि आवश्यक कागजातहरु:**

- भुमि सम्बन्धी ऐन, २०२१ को आठौं संशोधन जारी भएको मिति २०७६ माघ २८ गते भन्दा १० वर्ष अघिबाट निज बसोबास गरी आएको जग्गा आवाद कमोत भई आएको हो भनी वडा समितिले गरेको निर्णय र सिफारिस,
- परिवारमुली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (अनिवार्य )।
- परिवारमुली र परिवारमुली पति / पत्नीको हालसालै खिचेको पासपोर्ट साईजको फोटो २/२ प्रति।
- आफु र परिवारका सबै सदस्यको नाममा अन्यत्र रहेको सबै जग्गाको पूर्जाको प्रतिलिपी र सम्बन्धित स्थानिय तहले सम्पत्ति कर प्रयोजनको लागि निर्धारण गरेको मुल्याङ्कन सम्बन्धी स्थानीय तहको रसिद वा सिफारिस।
- वडा समितिको बैठकबाट निज अव्यवस्थित बसोबासी हो भनी गरेको निर्णय र सिफारिस,
- सम्भव भए बसाइसराइ दर्ता प्रमाणपत्रको प्रतिलिपि वा वडा कार्यालयले दिएको बसोबास प्रमाणित पत्र।

२०८०।११।०२

नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**
श्री सम्पूर्ण वडा कार्यालयहरु, राप्ती गाउँपालिका दाङ - सूचना टासँ गरी सम्बन्धित सबैमा जानकारी गराउनुहुन।

raptiruralmunicipality@gmail.com
https://raptimundang.gov.np
https://twitter.com/raptimundang
https://www.facebook.com/raptimundang